नेपाली राजदूतावास
साउदी अरेबिया
**Embassy of Nepal**
**Kingdom of Saudi Arabia**

سفارة نيبال
المملكة العربية السعودية

# प्रेस विज्ञप्ति

वैदेशिक रोजगारीका लागि Need Employment Service Pvt. Ltd. बसुन्धरा काठमाण्डौंबाट करिब ११ महिना अघि साउदी अरबमा आई रोजगार सम्झौतापत्रमा उल्लेख भए अनुसारको तलब, खाना सुविधा र उपयुक्त स्तरको आवासको व्यवस्था नभएको एवं डर, त्रास, धम्कि देखाई कुट्ने–पिट्ने गरेकोले कम्पनी छाड्न वाध्य भई समस्यामा परेका ३८ जना नेपाली कामदारहरु मध्ये ३० जना कामदारहरुलाई नेपाली राजदूतावास रियादका प्रथम सचिव श्री खड्ग प्रसाद दाहाल एवं जेद्धा स्थित नेपाली सेवा समितिका पदाधिकारीहरु श्रीकृष्ण बहादुर श्रेष्ठ र नर बहादुर श्रेष्ठको संयुक्त प्रयासबाट उद्धार गरिएको छ । ३० जना नेपाली कामदारहरुले नेपाली राजदूतावास, रियादमा निवेदन दिए पश्चात नेपाली राजदूतावासबाट नेपाली सेवा समितिलाई अधिकार प्रत्यायोजन गरी पिडित कामदारहरुको पक्षमा जेद्धा स्थित



श्रम अदालतमा मुद्दा दायर गरिएको थियो । उक्त मुद्दा उपर छानवीन हुँदा स्थानीय श्रम अदालतले रोजगार सम्झौता अनुसारको तलब, खाना सुविधा एवं आवासको व्यवस्था नगरी दिएको कारणले रोजगारदाता कम्पनीलाई कामदारहरुलाई नेपाल फर्काउन आदेश दिएको थियो । अदालती निर्णय अनुसार निज कामदारहरुले उक्त कम्पनीमा काम गरेको अवधिको तलब समेत वितरण गर्न आदेश दिएको थियो । यसरी अदालती निर्णयबाट न्याय पाएका उक्त ३० जना नेपाली श्रमिकहरु एअर अरेबियाको उडान नं. G9537 बाट शारजाहँ हुँदै जेठ ७, २०६७ (मे २१, २०१०) शुक्रबार अपरान्ह १ बजे १४ जना नेपाली कामदारहरु स्वेदश फिर्दैछन् भने सोही नं. को उडानबाट जेठ ८, २०६७ (मे २२, २०१०) शनिवारका दिन १५ जना कामदारहरु काठमाण्डौं फर्कदैछन् । यी कामदारहरुको घर फिर्ने हवाई टिकट खर्च एवं कंपनी छाडे पछिको अवधिको घर

भाडा खर्च Need Employment Service Pvt. Ltd. का Managing Director श्री तेजेन्द्र बहादुर श्रेष्ठले ब्यहोर्नु भएको हो ।

Need Employment Service मार्फत साउदी अरबमा आएका जम्मा ३८ जना कामदारहरु Al Jabar Establishment अन्तर्गत Airport Cleaner को काममा आएकोमा ५ जना भने आफ्नो लागत रकम Manpower Company बाट अभिभावकलाई फिर्ता दिलाउन सफल भएपछि Sponsor सँग समझदारी गरी पूनः त्यही कम्पनीमा काम गरी रहेका छन् । सतासीधाम ८, झापा घर भएका एकजना कामदार मदन मैनाली भने चाँडै नै नेपाल फर्कने प्रक्रियामा छन् । उक्त ३८ जना मध्ये ३ जना (श्याम के.सी, टेक बहादुर श्रेष्ठ र एकजना मानसिक रोगी भएका) लाई ६ महिना अघि नै महामहिम राजदूत श्री हमीद अन्सारीको विशेष निर्देशनमा राजदूतावासका कर्मचारी समस्या परेको स्थान जेद्दामा खटाइ उद्धार गरी नेपाल पठाई सकिएको छ ।

एक पाकिस्तानी एजेन्ट मार्फत Need Employment का Managing Director श्री तेजेन्द्र बहादुर श्रेष्ठले नेपाली राजदूतावाससँग सरसल्लाह एवं समन्वय नै नगरी बम्बईको एक Manpower Company सँग उक्त ३८ भिषा किनेको कारणले यो समस्या आई परेको हो । साउदी अरबमा रोजगार दिने कम्पनीको सम्बन्धमा कुनै जानकारी नलिनु एवं राजदूतावासको सम्पर्कमा नरहेको पाकिस्तानी एजेन्टलाई पूर्ण विश्वास गर्दाको परिणति ३३ जना कामदार तथा Managing Director श्री तेजेन्द्र श्रेष्ठले भोग्नुपर्‍यो ।

आफ्नो हेलचेक्राईको कारणले परेको यो समस्या समाधान गर्न श्री श्रेष्ठ २ चोटी एक एक महिनाको लागि निजी खर्चमा साउदी अरब आउनुभयो र प्राथमिकताको आधारमा क्रमैसँग पहिले ५ जना, अनि ३ जनाको र यस चोटी ३० जनाको समस्या समस्या समाधान गर्न सफल हुनुभयो । आर्थिक लगानी, समय एवं मेहनत सबै लगाई यो समस्या समाधान गर्न Manpower व्यवसायीको हैसियतमा श्री श्रेष्ठले गर्नु भएको कार्यलाई यो राजदूतावास हर्दिक धन्यवाद दिन चाहन्छ ।

नेपाल सरकार श्रम मन्त्रालय, वैदेशिक रोजगार विभागले नेपाली राजदूतावासबाट मागपत्र प्रमाणिकरण गरेर मात्रै नेपालबाट Manpower आपूर्ति गर्ने एक व्यवस्थित एवं विद्युतिय प्रणालीको शुरुवात नगरेसम्म यस्ता श्रमिक सम्बन्धी समस्याहरुको श्रृंखला कहिल्यै अन्त्य नहुने तथ्य तर्फ सबै सरोकारवालाहरुको ध्यानाकर्षण हुन यो राजदूतावास हार्दिक अपील गर्दछ । साथै, वैदेशिक रोजगारीमा गएर समस्यामा परेका नेपालीहरुको उद्धारको लागि Need Employment Service का Managing Director श्री तेजेन्द्र बहादुर श्रेष्ठले गर्नुभएको उदाहरणीय कार्यको सम्बन्धीत सबै Manpower व्यवसायीहरुबाट अनुसरण गर्न गराउनका लागि यो राजदूतावास हार्दिक अनुरोध गर्दछ ।

**जेठ ६, २०६७ शुक्रबार अपरान्ह १ बजे काठमाण्डौं आईपुग्ने नेपाली कामदारहरुको विवरण :**

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | नारायण प्रसाद भनारी | तुकेना –१, अर्घाखाँची |
| २ | डिलाराम भट्टराई | धनचौर – ६, अर्घाखाँची |
| ३ | घनश्याम भट्टराई | अर्माला – ६, कास्की |
| ४ | मिन प्रसाद तामाङ्ग | फाकफोक – ३, इलाम |
| ५ | प्रेम प्रसाद आचार्य | दोङ्गवाङ्ग – २, प्यूठान |
| ६ | कैलाश विष्ट | धरान –१७, सुनसरी |
| ७ | श्यामलाल धामी | भरौल – ३, सुनसरी |
| ८ | सुरेश भट्टराई | धनचौर – ६, अर्घाखाँची |
| ९ | नारायण कार्की | रानीचुरी –१, सिन्धुली |
| १० | ओम बहादुर थापा | रानीचुरी –१, सिन्धुली |
| ११ | बज्र कुमार राई | सिन्द्राङ्ग – ७, भोजपुर |
| १२ | खेल बहादुर बस्नेत | झ्यांकु –१, दोलखा |
| १३ | मनोज कुमार न्यौपाने | अर्नामा प्रा.रा. –१, सिराह |
| १४ | रमेश खड्का | भरौल –१, सुनसरी |

**जेठ ७, २०६७ शुक्रबार अपरान्ह १ बजे आईपुग्ने नेपाली कामदारहरुको विवरण :**

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | दोर्जे लामा तामाङ्ग | मनकामना – ६, नुवाकोट |
| २ | लोक बहादुर बलाल | सिमलपानी – १, अर्घाखाँची |
| ३ | मुकेश कुमार ताजपोरिया | खजुरगाछी – ३, झापा |
| ४ | परदेशी थारु | तुल्सीपुर, दाङ्ग |
| ५ | सन्तोष प्रधान | रानीबास – ८, भोजपुर |
| ६ | सल्तान थारु | ख. बङ्गाई – ६, रुपन्देही |
| ७ | हस्त बहादुर लो | शिखरपुर – ८, मकवानपुर |
| ८ | बल बहादुर दर्लामी | सिमलपानी –१, अर्घाखाँची |
| ९ | उद्धव बस्नेत | छतिवन –१, मकवानपुर |
| १० | राजन भुजेल | दुबाचौर – ९, सिन्धुपाल्चोक |
| ११ | चित्र बहादुर कामी | बुर्तिवाङ्ग – ६, बाग्लुङ्ग |
| १२ | जिवन घलान | छतिवन – ७, मकवानपुर |
| १३ | खेमलाल भट्टराई | धनचौर – ६, अर्घाखाँची |
| १४ | दिपक घिमिरे | पाली – ४, अर्घाखाँची |
| १५ | सरोज थुलुङ्ग | चुलाचुली – ५, इलाम |

**नेपाली राजदूतावास, रियाद**
**साउदी अरब**
**मितिः जेठ ५, २०६७ (मे १९, २०१०)**

नेपाली राजदूतावास
रियाद